स्थानीय सरकार
घोराही उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स :
०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np

सामाजिक विकास महाशाखा

सूचना प्रकाशित मितिः २०८२।०३।२३

**कक्षा ११ मा छात्रवृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीहरूका लागि आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना**

घोराही उप-महानगरपालिकाअन्तर्गतका कक्षा ११ अध्यापनरत संस्थागत विद्यालयहरूमा शैक्षिक सत्र २०८२/०८३ का लागि छात्रवृत्तिमा अध्ययन गर्न चाहने माध्यमिक शिक्षा परीक्षा (SEE) उत्तीर्ण गरेका विद्यार्थीहरूले मिति २०८२।०४।०६ गतेसम्म कार्यालय समयभित्र तोकिएको ढाँचामा आवेदन फाराम भरेर आवश्यक कागजात संलग्न गरी घोराही उप-महानगरपालिकाको सामाजिक विकास महाशाखामा पेस गर्नका लागि जानकारीसहित यो सूचना प्रकाशित गरिएको छ ।

**आवेदन फारामसँग पेस गर्नुपर्ने कागजात**

क)SEE उत्तीर्ण भएको व्यहोरा जनाउने प्रमाण (अनलाइनबाट निकालिएको नतिजा वा विद्यालयको पत्र)

ख)हालसालै खिचिएको पासपोर्ट आकारको फोटो १ वटा

ग)नागरिकताको प्रमाण पत्र वा जन्मदर्ताको प्रमाण पत्रको प्रतिलिपि

घ) नागरिकता वा जन्मदर्ताको प्रमाण पत्रमा घोराहीको स्थायी ठेगाना नभएमा बसाइसराइ दर्ताको प्रमाण पत्रको प्रतिलिपि

**आरक्षित समूहमा आवेदन लागि पेस गर्नुपर्ने कागजात**

क) शहिद/जनआन्दोलनका घाइते/वेपत्ता पारिएका नागरिकका परिवार/द्वन्द्वपीडित नागरिकको परिवारका व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको प्रमाणको प्रतिलिपि

ख) आदिवासी/जनजाति, मधेसी, खस आर्य, दलित, थारू, मुस्लिम, अपाङ्ग र असहाय/अभिभावक नभएका व्यक्तिले सम्बन्धित वडा कार्यालयबाट जारी गरिएको सिफारिसको प्रतिलिपि

ग) सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (SEE) उत्तीर्ण गरेको व्यक्तिले अध्ययन गरेको विद्यालय सामुदायिक विद्यालय हो भन्ने व्यहोरा सम्बन्धित विद्यालयबाट जारी गरिएको सिफारिसको प्रतिलिपि

**नोटः सम्पूर्ण प्रतिलिपिमा आवेदन पेस गर्ने विद्यार्थी स्वयंले सक्कलबमोजिम नक्कल ठीक छ लेखी दस्तखत गर्नु पर्नेछ। आवेदन फाराम तथा विद्यालयको सूची घोराही उप-महानगरपालिकाको वेबसाइट www.ghorahimun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।**

**छात्रवृत्तिका लागि आवेदन दिने तथा छनोटसम्बन्धी व्यवस्था**

१.कक्षा ११ को छात्रवृत्तिको हकमा आरक्षण गरिएको ४५ प्रतिशत कोटामा सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (SEE) उत्तीर्ण गरेका घोराही उप-महानगरपालिकामा स्थायी बसोबास भएका विद्यार्थीहरुले मात्र आवेदन दिन पाउनेछन् । घोराही उप-महानगरपालिकामा स्थायी बसोबास भएका विद्यार्थीहरुका लागि छुट्याइएको कोटा पूरा हुन नसकेमा नपुग संख्या घोराहीमा स्थायी बसोबास नभएका विद्यार्थीहरूका लागि सम्बन्धित आरक्षित समूहमा थप गरिनेछ।

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

यसरी थप गर्दा पनि कोटा पूरा नभएमा नपुग संख्या धेरै आवेदकहरू भएको समूहहरूमा थप हुनेछ । यसरी थप गर्दा पनि कोटा पूरा नभएमा नपुग संख्या खुलातर्फ थप गरिनेछ ।

२.संस्थागत विद्यालयले विद्यार्थी संख्याका आधारमा उपलब्ध गराउनु पर्ने छात्रवृत्ति कोटामध्ये पच्पन्न प्रतिशत कोटा खुला प्रतिष्पर्धाका लागि छुट्याई बाँकी पैंतालिस प्रतिशत कोटालाई शतप्रतिशत मानी देहायका समूहहरूबीच मात्र प्रतिष्पर्धा हुनेछः

क) महिला ३३ प्रतिशत

ख) आदिवासी/जनजाति १५ प्रतिशत

ग) मधेसी १२ प्रतिशत

घ) खस आर्य १७ प्रतिशत

ङ) दलित ९ प्रतिशत

च) थारु ४ प्रतिशत

छ) मुस्लिम २ प्रतिशत

ज) अपाङ्ग २ प्रतिशत

झ) शहिद/ जनआन्दोलनका घाइते/वेपत्ता पारिएका नागरिकका परिवार/द्वन्द्वपीडित नागरिकको परिवार २ प्रतिशत

ञ) असहाय/अभिभावक नभएका ४ प्रतिशत

३.माथि उल्लिखित आरक्षित समूहहरू मध्ये एक विद्यार्थीले कुनै एक आरक्षित समूहबाट मात्र आवेदन दिन पाउनेछ।

४.आरक्षित समूहमा आवेदन दिने विद्यार्थीले एउटै आवेदनबाट खुला र आरक्षित समूह दुवैतर्फ उम्मेदवार हुन पाउनेछ।

५.छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्दा माध्यमिक शिक्षा परीक्षा (SEE) मा विद्यार्थीले प्राप्त गरेको जि.पि.ए. को आधारमा योग्यताक्रम तयार गरी विद्यार्थीको योग्यताक्रमको आधारमा निजले रोजेको विद्यालयमा छात्रवृत्तिका लागि सिफारिस गरिनेछ । माध्यमिक शिक्षा परीक्षा (SEE) को जि.पि.ए. बराबर भएमा सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (SEE) परीक्षा उत्तीर्ण गरेकोलाई पहिलो प्राथमिकता दिइनेछ । यसरी पनि योग्यताक्रम छुट्याउन नसकिएमा सो परीक्षामा क्रमशः गणित, विज्ञान र अंग्रेजी विषयमा सैद्धान्तिकतर्फ प्राप्त गरेको माथिल्लो ग्रेडलाई आधार मानी योग्यताक्रम तयार गरिनेछ ।

बोधार्थः

**श्री कक्षा ११ सञ्चालित संस्थागत वियालयहरुः तहाँ वियालयमा सम्पर्कमा आएका वियार्थीहरुलाई सामाजिक विकास महाशाखामा आवेदन फारम पेस गर्न सहजिकरण गर्नुहुन ।**

ऋषिराम के.सी.

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

कक्षा ११ -१२ सञ्चालित विद्यालयहरुको नामावली

| सि न | संस्थागत विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | दिपशिखा आवासिय मा वि | घोराही -१५ |
| २ | माउन्ट भ्यु इ बो स्कुल | घोराही -१८ |
| ३ | सिद्धार्थ एकेडेमी | घोराही -१५ |
| ४ | दाङभ्याली मा वि | घोराही -१५ |
| ५ | ज्ञानसिन्धु सेकेण्डरी स्कुल | घोराही -१५ |
| ६ | गोरखा इन्टनेशनल पब्लिक सेकेन्डरी स्कुल | घोराही -१४ |
| ७ | विद्या निलकण्ठ सेकेण्डरी स्कुल | घोराही -१५ |
| ८ | नेपाल पुलिस स्कुल | घोराही -१७ |
| ९ | जनज्योति विद्या मन्दिर | घोराही -१५ |
| १० | मेचिकाली आ मा वि | घोराही -१५ |
| ११ | हिन्दु विद्यापिठ | घोराही -१५ |
| १२ | मनकामना इ बो स्कुल | घोराही -१७ |
| १३ | गुरुकुल एकेडेमी | घोराही -१५ |
| १४ | भ्यालीटप इ बो स्कुल | घोराही -१८ |
| १५ | मदन भण्डारी मेमोरियल स्कुल | घोराही -१७ |
| १६ | अल्फा इङलिस बोडिङ स्कुल | घोराही -१४ |
| १७ | राप्ती आवासीय मा.वि | घोराही -१८ |
| १८ | गोदावरी इङलिस मिडियम स्कुल | घोराही -१३ |
| १९ | ग्यालेक्सी एकेडेमी | घोराही -१८ |
| २० | शान्तिसुधा आ मा वि | घोराही -१५ |
| २१ | अम्वकेश्वरी शिक्षा सदन | घोराही-१६ |
| २२ | ज्ञानज्योति एजुकेशन एकेडेमी दाङ प्रा. लि | घोराही १३ |
| २३ | ज्ञानकुञ्ज इङलिस स्कुल प्रा लि | घोराही ९. |
| २४ | ग्रेट बुद्ध एकेडेमी | घोराही १० |
| २५ | ग्यालेक्सी एकेडेमी प्रा लि | घोराही १८ |
| २६ | मेचीकाली आ.मा. वि | घोराही १५ |

घनश्याम वली
शिक्षा शाखा प्रमुख

Scanned with CamScanner

घोराही उप महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

संस्थागत विद्यालय छात्रवृत्ति आवेदन फाराम

विद्यार्थीको नामथर देवनागरीमा :
अङ्ग्रेजीमा in Capital Letters :
SEE को सिम्बोल नम्बर :
जन्म मिति : साल : महिना : गते:
जाति:
आरक्षण समूह : (तल उल्लिखित आरक्षण समूह मध्ये कुनमा पर्ने हो उल्लेख गर्ने)

लिङ्ग पुरुष महिला तेस्रो लिङगी
बाबुको नाम थर :
आमाको नाम थर :
स्थायी ठेगाना :
सम्पर्क नम्बर :
अध्ययन गरेको विद्यालयको नाम ठेगाना:
अध्ययन गरेको विद्यालयको प्रकार: सामुदायिक संस्थागत
SEE मा प्राप्त गरेको GPA :
आवेदन पेस गरेको विवरण (ठीक चिन्ह लगाउने) : १. खुला २. आरक्षण
**आरक्षण समूह मध्ये कुनै एकमा ठीक चिन्ह लगाउने :**
महिला आदिवासी/जनजाति मधेशी
खस आर्य दलित थारु
मुस्लिम अपाङ्गता भएका
शहिद/जनआन्दोलनका घाइते/बेपता पारिएका वा द्वन्द्व पीडित नागरिकको परिवार:
असहाय/अभिभावक नभएका:
कक्षा ११ अध्ययन गर्न चाहेको विषय वा संकाय :
कक्षा ११ अध्ययन गर्न चाहेको विद्यालयको प्राथमिकीकरण : (अध्ययन गर्न चाहेको विद्यालयको नाम क्रमश उल्लेख गर्ने)

| प्राथमिकता नं | विद्यालयको नाम ठेगाना |
|---|---|
| १ | |
| २ | |
| ३ | |
| ४ | |
| ५ | |

आवेदन फाराममा भरिएका सम्पूर्ण विवरण ठीक साँचो हो । झुटो ठहर भएमा कानुन बमोजिम सहुँला बुझाउँला।

आवेदकको दस्तखत : मिति :
झुटो विवरण भरेको पाइएमा छात्रवृतिको सूचीबाट नाम हटाई आवश्यक कारवाही गरिनेछ ।

**कार्यालय प्रयोजनको लागि**
फाराम रुजु गर्नेको नाम: पदः
मितिः दस्तखतः

Scanned with CamScanner